आज मिति २०८२/०८/१२ गते शुक्रवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।

२. योजना मांग गर्ने सम्बन्धमा ।

३. सडक छुट्याउन रेखांकन गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

४. पाईपको मापदण्ड सिमा निर्धारण सम्बन्धमा ।

५. गहुंको बीउ खरिद सम्बन्धमा ।

६. विविध कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

७. शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धमा ।

८. भुक्तानी सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अघि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वियन भई रहेकोले निर्णय कार्यान्वियन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलमा उल्लेखित मन्त्रालयसँग निम्नानुसार योजना मांग गर्ने निर्णय गरियो ।

तपसिल :

| योजनाको नाम | मांग गर्ने मन्त्रालय |
|---|---|
| चक्रघट्टा गाउँपालिका वडा नं. ६ मा सुविधा सम्पन्न कवर्ड हल निर्माणको लागि रु. ५ करोड | योजना यूवा तथा खेलकूद मन्त्रालय, सिंहदरवार |
| चक्रघट्टा गाउँपालिका वडा नं. ८ देखि मलंगवासम्म सडक कालो पत्रेको लागि रु. ५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा वडा नं. ३ झोलुङ्गे पुलदेखि चक्रघट्टा वडा नं. ४ सुन्दरपुर (पुरानो बजार) सम्मको क्षेत्रमा रहेको सडक स्तरोन्नती कार्यको लागि २६ फीट भित्र नाला र सडक छुट्याउन रेखांकन (Road Marking) कार्य गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका अन्तर्गत विगत २ बर्षदेखि गर्मी याममा हैण्डपाईपमा भएका पानी सुक्ने, पोखरीहरुको पानी सुख्खा हुने जस्ता कारण आम जनमानस तथा जीवनजन्तुलाई पानीको अभावले गर्दा जीवन जीउन गाह्रो हुने भएकोले त्यस्तो समयमा हैण्डपाईपमा पानीको लेयर ३० फीटदेखि १५० फीटसम्म पत्ता लागेकोले तत्काल पानीको समस्या समाधान गर्न ३० फीटदेखि १५० फीटसम्म हैण्डपाईप जडान गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.२०८२।०८३ मा सशर्त कार्यक्रम तर्फ ५०% अनुदानमा गहुंको बीउ वितरण कार्य गर्दा लक्षित किसानहरु सुविधाबाट बन्चित हुने भएकोले कम्तीमा १२५ बोरा बीउ थप खरिद गर्नुपर्ने भएकोले चालु तर्फ छुट्याइएको विविध रकमबाट रु.२ लाख थप बीउ विजन खरिद गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा चालु तर्फ विविध कार्यक्रम संचालनको लागि छुट्याइएको बजेट रकमबाट तपसिल अनुसारको विविध कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम |
|---|---|---|
| १. | बन्ध्याकरण अगावै महिला स्वास्थ्य स्वयंसेविकासँग पूर्व तयारी बारे छलफल | ४८,०००।- |
| २. | परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर संचालन | १५२०००।- |
| ३. | पशु कृतिम गर्भाधान कार्यक्रम | १५००००।- |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको दरबन्दी र दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.व. २०८१/०८२ मा विभिन्न होटलको बाँकी रहेका रकम भुक्तानी गरी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।